म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८
बागमती प्रदेशको राजधानी हेटौँडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र
# समृद्ध समाज
SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक
म.जि.हु.का.द.नं.
३०/०६५/०७०
वर्ष:१४ अङ्क:- २३८ २०८० साउन ८ गते सोमबार 24 July 2023, Monday - पृष्ठ ८ मूल्य रु. ५/-

विषादीको प्रयोग भएको खाद्यवस्तु, फलफूल एवं तरकारीको उपभोगबाट प्यारालाइसिस, हृदयघात तथा मृत्युसमेत हुन सक्ने भएकोले त्यस्ता वस्तुको उपभोगमा सावधानी अपनाऔँ ।
नेपाल सरकार
विज्ञापन बोर्ड

# बलियो एमाले मुलुकको आवश्यकता: नेता अधिकारी


नेकपा एमालेका नेता काशिनाथ अधिकारी ।

समाज संवाददाता

हेटौँडा: नेकपा एमाले स्थायी कमिटी सदस्य तथा केन्द्रीय संगठन विभागका प्रमुख काशिनाथ अधिकारीले नेपाली राजनीतिमा निर्णायक तथा आदर्श पार्टी निर्माण गर्ने अभियानमा रहेको बताउनु भएको छ। ४५ औं पुष्पलाल स्मृति दिवसको अवसरमा हेटौँडामा आयोजित कार्यक्रममा नेता अधिकारीले बलियो एमाले मुलुककै आवश्यकता भएको दावी समेत गर्नुभएको छ।

उहाँले समाजवादमा पुग्न, संघीय लोकतान्त्रिक गणतन्त्रलाई सुदृढ गर्दै राष्ट्रियता, विकास र समृद्धिका लागि मुलुकमा नेकपा एमालेको नेतृत्व बिना सम्भव नहुने पनि जीकिर गर्नुभएको छ। नेपाली कम्युनिष्ट आन्दोलनमा पुष्पलालको योगदानबारे चर्चा गर्नुहुँदै नेता अधिकारीले पार्टी स्थापना गर्नु, पार्टी निर्माणमा वैचारिक आधार खडा गर्नु र लोकतन्त्रका लागि संयुक्त जनआन्दोलनको प्रस्ताव महत्वपूर्ण रहेको उल्लेख गर्नुभयो। पुष्पलालले संयुक्त जनआन्दोलनको प्रस्तावलाई नेपाली काँग्रेसले अस्वीकार गर्दा मुलुकमा २०१७ सालको निरंकुश शासन आएको स्मरण गर्नुहुँदै नेता अधिकारीले भन्नुभयो, “काँग्रेसले संयुक्त जनआन्दोलनको प्रस्ताव स्वीकार्दा २०४६ र २०६२/०६३ सालको जनआन्दोलन सफल भएको, लोकतन्त्र र गणतन्त्र ल्याउन सफल भएको हो।”

कार्यक्रममा पोलिटव्यूरो सदस्य तथा मकवानपुर इन्चार्ज देवि ज्ञवालीले दु:ख, कष्ट र संकटमा जो टिक्न सक्छ त्यहि नेता हुने उल्लेख गर्नुभयो। उहाँले दुख, कष्ट र संकटमा टिक्नका लागि पुष्पलालको जीवनबाट सिक्नुपर्ने बताउनु भयो। उहाँले मकवानपुर जिल्लामा नेकपा एमाले बलियो पार्टी बनाउने र पहिलो बन्ने दावी गर्नुभयो। कार्यक्रममा केन्द्रीय सदस्य रामेश्वर रानाले पुष्पलालले युवा अवस्थामा विचार, संगठन र संघर्ष कम्युनिष्ट आन्दोलनलाई विशेष योगदान दिनुभएको बताउनुभयो। उहाँले क्रान्तिको शत्रु र मित्र छुट्याएर सही वर्ग विश्लेषण गर्नुभएको भन्दै आजको एमाले पुष्पलालको विरासत भएको बताउनुभयो।

कार्यक्रममा नेकपा माओवादी केन्द्र, मकवानपुरका जिल्ला सदस्यहरु दिलबहादुर दोर्जे पाखिन, गंगा भट्टराई, नेकपा एकीकृत समाजवादीका जिल्ला सचिवालय सदस्य नारायण तिमल्सिना, राजप्रकाश भण्डारी, भरत लामिछाने, राजेश्वर दाहाल, जानुका सञ्जेल, विष्णुमाया सापकोटा, गोविन्द देवकोटा, बकैया गाउँपालिका कमिटीका सदस्य कृष्ण बहादुर भोलनलगायत प्रवेश गरेको नेकपा एमाले जिल्ला कमिटी सचिव नवीन सिग्देलले जानकारी दिनु भएको छ। नेकपा एमाले मकवानपुरका अध्यक्ष एकालाल श्रेष्ठको अध्यक्षतामा भएको कार्यक्रममा केन्द्रीय सदस्य कृष्णप्रसाद दाहाल, केन्द्रीय निर्वाचन कमिटीका सदस्य अनन्त पौडेललगायतले मन्तव्य राख्नु भएको थियो।

# विद्यालयमा प्रथम त्रैमासिक परीक्षा सुरु


हेटौँडा-५, पिप्लेस्थित बालज्योति माविमा प्रथम त्रैमासिक परीक्षा दिँदै विद्यार्थी ।

समाज संवाददाता


हेटौँडा: हेटौँडा उपमहानगरका केही विद्यालयहरुमा प्रथम त्रैमासिक परीक्षा सुरु भएको छ। नगरपालिकाको वार्षिक क्यालेन्डरअनुसार साउन २ गतेबाट सुरु हुने भनिएको परीक्षा साउन ९ गतेदेखि हुने बताइएको छ। वर्षाका कारण खहरे, बाढि आउने क्षेत्रका विद्यालयहरुमा भने परीक्षा नसारी साउन २ गतेबाट नै राखेको नगरस्तरीय शैक्षिक समन्वय समितिका अध्यक्ष सागर खतिवडाले बताउनुभयो।

नगर भित्रका ७३ वटा सामुदायिक विद्यालयहरु मध्ये ३६ वटा विद्यालयको प्रश्नपत्र नगरस्तरीय शैक्षिक समन्वय समितिले बनाउने गरेको छ। ती विद्यालयहरुमा साउन ९ गतेबाट प्रथम त्रैमासिक परीक्षा हुने भएको छ। प्रश्नपत्र स्वयम्ले नै तयार गर्न विद्यालयहरुले परीक्षा सुरु गरेको हो। वर्षाका कारण विद्यार्थीलाई समस्या हुने विद्यालयहरुमा परीक्षा सुरु गरिसकेको खतिवडाको भनाइ छ। परीक्षा सकिएपछि विद्यालयहरुमा वर्षे विदा हुनेछ।

हेटौँडा-५, पिप्लेस्थित बालज्योति माविले साउन २ गतेदेखि नै परीक्षा सञ्चालन गरेको छ। विद्यालयका शिक्षक चिरनिजीवी घिमिरेका अनुसार विद्यालयमा भर्ना भएकामध्ये बढीमा १० जना विद्यार्थी मात्रै प्रथम त्रैमासिक परीक्षामा अनुपस्थित छन्। बालज्योति माविमा १ हजार ४ सय ६० जना विद्यार्थी भर्ना भएका छन्।

समृद्ध समाज राष्ट्रिय दैनिक
www.samriddhasamaj.com.np






समृद्ध समाज
SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक



समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

# सम्पादकीय

## अनुकरणीय वीपी र पुष्पलाल

नेपालमा दलीय राजनीतिक इतिहास धेरै पुरानो छैन । करिब ९ दशक लामो राजनीतिक इतिहास खासै समृद्ध पनि छैन । वि.सं १९९० को दशकबाट राजनीतिक दलको सूत्रपात भएको मुलुकको राजनीतिमा धेरै दलहरुको आगमन र अन्त्य भइसकेको छ । राजनीतिक दलहरुको संख्या जति धेरै छ, गर्व गर्नलायक र अनुकरणीय राजनीतिक नेतृत्वको संख्या भने निकै कम छ । मुलुकको राजनीतिमा आफ्नै विशिष्ट सिद्धान्त, नीति तथा नेतृत्व क्षमता भएका नेताको संख्या धेरै छैन । स्पष्टरुपमा भन्नुपर्दा मुलुकको राजनीतिमा राजनेताको अभाव अहिलेसम्म पनि कायमै छ । हुन त देशको शासन व्यवस्था सञ्चालनमा राजनीतिक दलहरुले प्रत्यक्ष सहभागिता जनाएको समयावधि पनि धेरै छैन । मुलुकमा राजनीतिक दलहरु अस्तित्वमा आएको करिब ९ दशक अवधिको आधाजति समयमात्रै र ाजनीतिक दलहरुले सत्ता सञ्चालन गर्न पाएका छन् । तर, सत्ताबाहिर रहँदा पनि आफ्नो राजनीतिक सिद्धान्त, नीति, योजना तथा नेतृत्वबाट आम नागरिकलाई प्रभावित पारेर देशको माटो सुहाउँदो राजनीतिक प्रणालीको विकास गर्नसक्ने राजनीतिक नेतृत्वको खडेरी परिरहेको छ ।

नेपाली राजनीतिमा विशेष योगदान दिएका सिमित नेतृत्वमध्ये वीपी कोइराला र पुष्पलाल श्रेष्ठको नाम अग्रपंक्तिमा आउँछ । दिवंगत भइसकेका यी दुई व्यक्तित्व नेपाली राजनीतिमा सुरुवातदेखि हालसम्म शासन सत्तामा हालीमुहाली गर्दै आएको नेपाली कांग्रेस र नेपाल कम्युनिष्ट पार्टीका स्थापनाकालका नेता हुन् । नेपालको राजनीतिका दुई शिखर पुरुष मानिने वीपी र पुष्पलालको स्मृति दिवस यतिबेला विभिन्न कार्यक्रम गरी मनाइएको छ । गोष्ठी, अन्तरक्रियादेखि रक्तदान, वृक्षरोपण, फलफूल वितरणजस्ता कार्यक्रम गरेर देशैभर यी दुई नेताको स्मृति दिवस मनाइएको छ । दुबै नेताहरुले नेपाली राजनीतिमा पु¥याएको योगदान र उनीहरुले प्रतिपादन गरेको सिद्धान्त तथा नीतिका बारेमा चर्चा गरिएको छ ।

२०३९ साल साउन ६ गते वीपी कोइरालाको र २०३५ साल साउन ७ गते पुष्पलाल श्रेष्ठको निधन भएको थियो । उनीहरुको निधन भएको दिनको सम्झनामा साउन ६ गते वीपी स्मृति दिवस र साउन ७ गते पुष्पलाल स्मृति दिवस मनाउने गरिन्छ । नेपालका पहिलो जननिर्वाचित प्रधानमन्त्री वीपी कोइरालाले लामो समयसम्म नेपाली कांग्रेसको सभापति भएर पार्टी तथा नेपालको राजनीतिलाई हाँक्ने काम गरे । वीपीलाई अहिले पनि प्रजातन्त्रप्रेमी हरेक नेपालीले आदर र श्रद्धा गर्दछन् । आफू निर्वासित जीवन बिताइरहेको बेलामा राष्ट्र र राष्ट्रियता संकटमा प¥यो भन्दै ज्यानको पर्वाह नगरी र ाष्ट्रिय मेलमिलापको नीतिसहित स्वदेश फर्केका वीपीलाई सच्चा प्रजातन्त्रवादी र इमान्दार नेताको रुपमा चिन्ने गरिन्छ । यस्तै, नेपालमा कम्युनिस्ट पार्टीमार्फत् जनताका पक्षमा अधिकार स्थापित गर्ने लक्ष्यसाथ नेकपा स्थापना गरेका पुष्पलाललाई नेपाली क्रान्तिका सिद्धान्तकारका रुपमा चिन्ने गरि न्छ । पुष्पलालले आफ्नो जीवनभर जनताको स्वतन्त्रताका लागि संघर्ष गर ।

नेपालमा कम्युनिस्ट पार्टी स्थापना गरेर आफ्नो जीवनभर संगठन विस्तारमा लागेका उनले विश्व कम्युनिस्ट घोषणापत्रलाई २००५ सालमा नेपालीमा अनुवाद गरी प्रकाशन गरेका थिए ।

वीपी र पुष्पलालको स्मृति दिवस मनाइरहँदा ती नेताहरुबाट अहिलेको राजनीतिक दलका नेता तथा कार्यकर्ताले के सिके भन्ने प्रश्न महत्वपूर्ण हुन्छ । उनीहरुको सिद्धान्त, नीति तथा आदर्शलाई अहिलेको र ाजनीतिकर्मीहरुले अनुकरण गर्न नसक्नु दुःखद् विषय बनेको छ । पुष्पलाल र वीपी समकालीन नेपाली राजनीतिलाई सर्वाधिक प्रभाव पार्ने व्यक्ति हुन् । वीपीले प्रजातान्त्रिक समाजवादको नीति लिए भने पुष्पलाल त्यसभन्दा अगाडि बढेर साम्यवादको पक्षमा उभिए । जहानियाँ राणा शासन, निरंकुश राजतन्त्र र पञ्चायती व्यवस्थामा यी दुबैको विचार र सिद्धान्तमाथि दमन गरिए पनि अहिले मुलुकको राजनीति मूलतः यही विचारबाट निर्देशित भइरहेको छ । कमसेकम आफूलाई वीपी/पुष्पलालका अनुयायी बताउने कांग्रेस/कम्युनिस्ट पार्टीका नेता/कार्यकर्ताले उनीहरुको विचार, सिद्धान्त र आदर्शको अनुकर ण गर्नु आवश्यक छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | फापरबारी इलाका ६२१९८० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | चित्लाङ इलाका ६२१००० |
| ट्राफिक प्रहरी १०३ | वारुण यन्त्र १०१ |
| वडा प्रहरी ५२०२९९ | बालबालिका खोजतलास केन्द्र १०४ |
| पशुपतिनगर इलाका ५२०५९८ | बाल हेल्पलाइन १०९८ |
| मनहरी इलाका ९८५५०९०१६१ | हेलो सरकार ११११ |
| भीमफेदी इलाका ६९१४६२ | नेपाल टेलिकम सोधपुछ १९७ |
| पालुङ इलाका ६२०४६७ | |

## तपाईको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडीकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

| | |
|---|---|
| मेष | : स्वादिष्ट भोजन प्राप्त हुने समय योग छ । |
| वृष | : अध्ययन– अध्यापनमा मन जाने समय छ । |
| मिथुन | : लामो दूरीको यात्रा तय हुने समय योग छ । |
| कर्कट | : पैतृक धन सम्पत्तिमा चर्चा परिचर्चा होला । |
| सिंह | : व्यापार–व्यवसायबाट लाभ प्राप्त हुने समय योग छ । |
| कन्या | : आफन्तहरुले असहयोग गर्ने समयको योग छ । |
| तुला | : माया प्रेममा अविश्वास पैसा हुने समय छ । |
| वृश्चिक | : मान–सम्मानमा वृद्धि भएर जाने समय छ । |
| धनु | : रोग र ऋणबाट मुक्त हुने समयको योग छ । |
| मकर | : विद्यामा सफलता प्राप्त गर्न निकै संघर्ष गर्नुपर्ला । |
| कुम्भ | : सामाजिक तथा धार्मिक काममा सरिक भइएला । |
| मीन | : राजनीतिमा विशेष पद प्राप्त हुने समय योग छ । |

# ‘एक वर्ष अनुभवमा नै समय बितेको छ’



सरिता सापकोटा, वडा सदस्य
हेटौंडा उपमहानगरपालिका-६

वडामा महिला जनप्रतिनिधिहरु सिक्ने, बुझ्ने र धेरथोर काम गर्ने चरणमा हुनुहुन्छ । संविधानले नै महिला जनप्रतिनिधिलाई नेतृत्वको अवसर दिएसँगै वडामा कम्तिमा पनि दुईजना वडा सदस्य निर्वाचित हुने निश्चित छ । वडामा प्रतिनिधित्व गर्ने कतिपय महिलाहरु सक्रिय राजनीतिकमा नलागेको र सामान्य सामाजिक क्रियाकलापमा सहभागी भएकाको बाहुल्य छ । यस्तोमा महिला जनप्रतिनिधिकै समग्र विकास गर्नु आवश्यक देखिन्छ । यसैसन्दर्भमा समृद्ध समाज दैनिकका लागि संगी लामाले हेटौंडा उपमहानगरपालिका ६ नम्बर वडा समिति सदस्य सरिता सापकोटासँग गर्नुभएको कुराकानीको सम्पादित अंशः

*समाजः अहिले वडामा के कस्तो काम भइरहेको छ ?*

**सापकोटा**: हामी गत आर्थिक वर्ष २०७९/८० को बजेट तथा कार्यक्रमको समीक्षाको क्रममा छौं । समीक्षाको कार्य पनि सकिसकेको छ। चालु आर्थिक वर्षको बजेटको काम पनि सकिएको छ । अहिले तत्काल तीन, चार दिन हामी अलि फुर्सदमा छौं ।

*समाजः गत आर्थिक वर्षमा तपाईंहरुले वडामा के-के काम गर्नुभयो, अनुभव के कस्तो रह्यो ?*

**सापकोटा**: हामी निर्वाचित भएको पनि एक वर्ष भइसकेको छ। यो अवधिमा धेरै किसिमका अनुभव बटुल्यौं । घरमा बस्नु र वडामा जनप्रतिनिधि भएर जानुमा धेरै फरक पर्ने रहेछ । धेरै अनुभवहरु हासिल गर्न पायौं। हामीले गरेका कामहरु वडावासीले देख्ने, बुझ्ने अवस्था छ । पूर्वाधारको कामहरु भएका छन् । त्यसका साथसाथै हामीले महिलालाई सीपमूलक तालिम दिएका छौं । प्रत्यक्षरुपमा देखिने काम भनेको बाटोघाटो नै जस्तो लाग्छ ।

*समाजः वडाका कामलाई लिएर वडाबासी कतिको सन्तुष्ट भएको पाउनुभएको छ ? वडाबासी वडा कार्यालयमा कस्ता समस्याहरु लिएर आउँछन् ?*

**सापकोटा**: समस्याहरु त वडामा धेरै नै हुन्छ, समस्याको समाधान गर्न सकिन्छ भन्ने नै रहेन छ । यो एक वर्ष अनुभवमा नै समय बितेको छ । अहिले हामीले उहाँहरुलाई दिनु पर्ने र गरिरहेको कामहरुमा चाहिँ हिजो निरन्तरता जसले जे दिनुभयो भन्दा पनि अब हामी नयाँ योजना लिएर जनताप्रति कसरी जाने भन्ने छ । हाम्रो ६ नम्बर वडा कस्तो छ भने कृषिमा आबद्ध भएको ठाउँ हो । वडाबासीहरु कसरी नाफाको बाटोमा जोड्नु हुन्छ । सीपमूलक तालिम मात्र दिएर हुँदैन, अहिले केही नयाँ-नयाँ काम गर्नु पर्छ भनेर लागीरहेका छौं । सबैभन्दा ठूलो समस्या भनेको रोजगारीको अभाव नै रहेछ । उहाँहरुले हामीलाई केही रोजगार दिनुस् । हामी केही गर्नुप¥यो भन्नुहुन्छ ।

*समाजः वडामा महिलाको शिक्षाको अवस्था के कस्तो छ ? केही व्यक्तिहरु शिक्षाको क्षेत्रबाट टाढा होला यस्तो समस्यालाई कसरी हेर्दै आएको छ ?*

**सापकोटा**: ६ नम्बर वडा बजारबाट टाढा छैन । जो बजारसम्म आइरहन्छ, उहाँहरुका लागि टाढा छैन । तर, कतिपय महिलालाई त यति कुरा पनि थाहा हुँदैन कि वडा र नगरपालिकाले महिलाका लागि कार्यक्रमहरु दिन्छ। हामी घरदैलो कार्यक्रममा घर, टोल, समाजमा पुग्छौं । उहाँहरुलाई केही थाहा हुँदैन । कुनै शिक्षित महिला समुदायको काममा नहिँड्ने देखियो । कतिपय दिदीबहिनीहरु पढाईको कारणले हिँडिरहनुभएको छ । उहाँहरुलाई देखेर चाहिँ कस्तो लाग्छ भने विवाह भइसकेपछि घरमै रुमलिएर बसेको अवस्था छ । अब हामीले चाहिँ के गर्न खोजिरहेका छौं भने त्यसरी बस्ने दिदीबहिनीहरु पनि बाहिर आउनु पर्छ । वडाबाट के सहयोग गर्दा राम्रो हुन्छ । कतिपय दिदीबहिनीहरुले हामीलाई लोकसेवाको कक्षा दिनुप¥यो भन्नुहुन्छ। उहाँहरुले त्यस्तो कुरा राखिसकेपछि हामी लोकसेवाको कक्षा सञ्चालन गर्ने सोँचमा छौं ।

*समाजः वडाले सीपमूलक कार्यक्रम धेरै गरेको भन्छ । यो सीमूलक कार्यक्रमबाट सच्चिँकै वडाबासीहरुले फाइदा लिइरहेका छन् त ?*

**सापकोटा**: यो भन्दा अगाडि सीपमूलक कार्यक्रमहरु नदिएको होइन । दिएको थियो । अहिले हामीले एकचोटी हेरौं भनेर व्युटिपार्लर, जनै बनाउने र सईपाटा तयार पार्ने जस्ता कार्यक्रमहरु दियौं । यस्तो कार्यक्रमहरुमा धेरै दिदीबहिनीहरु आकर्षित पनि भएको पाएका छौं । सीपमूलक कार्यक्रम दिनु मात्र ठूलो होइन, त्यसलाई व्यवहारमा उतार्नु सबैभन्दा ठूलो हो ।

*समाजः सीप सिकेको प्रमाणपत्र दिइसकेपछि उहाँहरु के समस्यामा छ, भनेर तपाईंहरुले पछ्याउने काम गर्नुभएको छ कि छैन ?*

**सापकोटा**: हाम्रो वडाबाट केही तालिमहरु दियौं । त्यो कार्यक्रमहरुलाई हामीले निगरानी गरिरहेका छौं। तालिमपछि हामीले उहाँहरुलाई फोन गरेर के गर्दै हुनुहुन्छ भनेर सोधिरहेका हुन्छौं ।

*समाजः पाँच वर्षको कार्यकालमा वडालाई कस्तो भएको देख्न चाहनु हुन्छ ?*

**सापकोटा**: पाँच वर्षको कार्यकालमा भौतिक विकासमा मात्र ध्यान नदिई सम्पूर्ण वडाबासीहरुलाई अगाडि बढाउने र घर भित्रको महिला दिदीबहिनीलाई बाहिर निकाल्ने गरी योजना बनाउँदै छौं ।

# सम्पत्ति शुद्धीकरण र यसको प्रभाव

गम्भीरबहादुर हाडा

सम्पत्ति शुद्धीकरणमा नेपाललाई ग्रे लिस्टमा राख्ने नराख्ने विवाद केही समयमा सकिएको छ । केही दिनअघि क्यानडामा भएको यससम्बन्धी बैठकमा नेपालले विगतमा गरेका वाचाअनुसारको काम नगरेको भन्दै आलोचना गरिएको छ भने थप काम गर्नका लागि केही समय दिइएको भनिएको छ । सरकारले यसबारेमा अझै प्रस्ट पारेको छैन ।

सामान्यतया गैरकानुनी रूपमा आर्जित आयलाई रूपान्तरण गर्दै वैध बनाउने प्रयासलाई सम्पत्ति शुद्धीकरण भनिन्छ । यो वित्तीय कारोबारको त्यस्तो पाटो हो, जसमा सामान्यतया कुनै कसुर वा आपराधिक कार्यबाट आर्जित आम्दानीलाई वैध सम्पत्तिमा बदलेर विभिन्न ढंगले कानुनी स्वरूप दिने प्रयास गरिन्छ । अर्को शब्दमा भन्नुपर्दा सम्पत्ति शुद्धीकरण वित्तीय कारोबारको त्यस्तो पक्ष हो, जसमा आफूले अवैध वा कसुर गरी कमाएको सम्पत्तिको वास्तविक उत्पत्ति र स्रोत लुकाउने एवं छिपाउने र विभिन्न वित्तीय कारोबारको माध्यमबाट नयाँ कानुनी स्रोत सिर्जना गर्ने प्रयास गरी त्यस्तो सम्पत्तिलाई शुद्ध बनाउने प्रयत्न भएको हुन्छ ।

सम्पत्ति शुद्धीकरणसम्बन्धी अन्तर्राष्ट्रिय संस्था फाइनान्सिल एक्सन टास्कफोर्स (एफएटीएफ) ले सम्पत्ति शुद्धीकरणलाई अपराधजस्तो नराम्रो स्रोतबाट प्राप्त आम्दानी छिपाउन गरिने प्रक्रिया भनी परिभाषित गरेको छ । यस्तै सम्पत्ति शुद्धीकरणलाई वित्तीय कारोबारलाई गैर कानुनी आर्जनको परिचय, स्रोत वा गन्तव्य छिपाउने व्यवहार भनी व्याख्या गरेको छ।

नेपालमा सम्पत्ति शुद्धीकरण नियन्त्रणका लागि विभिन्न राष्ट्रिय कानुनहरूको व्यवस्था गरेको पाइन्छ । नेपालका लागि सम्पत्ति शुद्धीकरण निवारण गर्ने कार्य अझै पनि नवीन विषयका रुपमा रहेको छ। विषयवस्तुको आमरुपमा सार्वजनिकीकरण नहुनु तथा यससम्बन्धी ज्ञान र सीपको अभावका कारण सम्पत्ति शुद्धीकरण निवारण गर्ने कार्यमा उल्लेख्य उपलब्धि हासिल हुन सकेको छैन।

सर्वप्रथम वि.सं. २०६४ मा सम्पत्ति शुद्धीकरण ऐन र वि.सं. २०६६ मा सोसम्बन्धी नियमावली जारी भएपछि नेपालमा सम्पत्ति शुद्धीकरण निवारणको प्रणालीगत विकासमा पहल भएको पाइन्छ । सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी निवारणसम्बन्धी कार्यलाई गति दिन अर्थमन्त्रालयले पाँचवर्षे रणनीति तथा कार्ययोजना २०६८ साल कात्तिक २९ गते सार्वजनिक गरेको छ । अन्तर्राष्ट्रिय मुद्राकोषको प्राविधिक सहयोगमा बनाएको रणनीति तथा कार्ययोजनामा सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी रोक्न पाँच वर्षमा गरिने काम उल्लेख गरको छ । कसुरलाई कार बाहीका साथ सम्पत्ति जफत गरी सम्पत्ति शुद्धीकरण तथा आतंककारी क्रियाकलापमा हुने लगानीबाट वित्तीय प्रणाली जोगाउने अन्तर्राष्ट्रिय प्रतिबद्धताअनुरूप रणनीति र कार्ययोजना बनाएको हो ।

सम्पत्ति शुद्धीकरण प्रक्रियाका चरणहरूः सामान्यतः सम्पत्ति शुद्धीकरण तीन चरणमा गर्ने गरिन्छ । अवैध रूपमा आर्जित पैसालाई विभिन्न माध्यमले वित्तीय प्रणालीमा ल्याउने प्रयाु गरिन्छ, त्यसपछि त्यो पैसाको स्रोत लुकाउन विभिन्न प्रकारका जटिल कारोबारहरु गरिन्छन् । त्यसपछि अझै त्यसलाई वैध बनाउने प्रयासस्वरुप वित्तीय मूल प्रणालीमा समाहित र प्रवाहित गरिन्छ। यो सबै क्रियाकलाप समाप्त भएपछि झट्ट हेर्दा उसले कमाएको पैसा वैधजस्तो देखिए तापनि त्यसका पूर्वचरणहरु पहिल्याउँदै जाँदा त्यो अवैध स्रोतबाट भएको पुष्टि हुन्छ ।

सम्पत्ति शुद्धीकरण र आतंकवादी क्रियाकलापमा वित्तीय लगानी गर्ने विषय सीमाविहीन वित्तीय अपराध हो । यसबाट सबैजसो मुलुक प्रत्यक्ष वा परोक्ष रूपमा प्रभावित हुन्छन् । कुनै पनि किसिमको अवैध कार्य गरी आर्जन गर्ने धन र त्यसलाई वैध बनाउन गरिने प्रयास सफल हुँदा अनौपचारिक अर्थतन्त्रको प्रभुत्व बढ्ने, समग्र अवस्थाको मूल्यांकन नै वास्तविक नहुने, वास्तविक मूल्यांकनको अभावमा बन्ने योजना र कार्यक्रमहरू निष्प्रभावी हुने, गलत तथ्यांकका कारण बन्ने योजनाहरु नै गलत हुने, विकास निर्माणका कार्य प्रभावित हुने, आपराधिक क्रियाकलापले प्रश्रय पाउने, विधिको शासनको प्रत्याभूति सम्भव नहुने, अशान्ति, असुरक्षाको अवस्था सिर्जना भई सुशासन सम्भव नहुनेजस्ता असर पर्छन् । यसैले यो साझा चिन्ता र चासोको विषय हो ।

सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी निवारण गर्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा विभिन्न प्रयास हुँदै आएका छन् । यसका लागि विभिन्न संगठन गठन भएका र ती सक्रियसमेत छन् । त्यस्ता संगठनले सम्पत्ति शुद्धीकरणसम्बन्धी अपराधहरू नियन्त्रण गर्न विभिन्न मापदण्डको विकास गरेका छन् ।

आर्थिक वर्ष ०८०/८१ को बजेट वक्तव्यमा उल्लेख गरिएअनुसार यस आर्थिक वर्षमा आर्थिक तथा वित्तीय प्रणालीको स्थायित्व र स्वच्छताका लागि सम्पत्ति शुद्धीकरण, आतंकवादी क्रियाकलाप तथा आम विनाशका हातहतियार निर्माण तथा विस्तारमा वित्तीय लगानी निवारणसम्बन्धी कार्यलाई प्रभावकारी बनाइने नीति लिइएको छ । पारस्परिक मूल्यांकनबाट प्राप्त सुझावसमेतका आधारमा संस्थागत सुदृढीकरण गर्नुका साथै सम्बद्ध नीति र कानुन परिमार्जन गरिनुका साथै सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धी नयाँ राष्ट्रिय रणनीति निर्माण गरी कार्यान्वयन गरिने नीति राखिएको छ ।

सम्पत्ति शुद्धीकरण सम्बद्ध कसुर अन्तर्गत करसम्बन्धी विषयसमेत समावेश भएकाले आन्तरिक राजस्व विभागले कार्य सम्पादन गर्ने क्रममा करछलीको सूचना सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागमा पठाउन के-कस्तो विवरण तयार गर्नुपर्ने हो, सो यकिन गरी सूचना अभिलेख प्रणलीको विकास गर्नुपर्नेछ । यस प्रयोजनार्थ दुवै विभागले सूचना आदानप्रदानको ढाँचा निर्धारण गर्न जरुरी छ । त्यस्तै, आन्तरिक राजस्व विभाग वा अन्तर्गतका कार्यालयहरूले कर परीक्षण र अनुसन्धानको कार्य सम्पादन गर्ने क्रममा सम्पत्ति शुद्धीकरण नियन्त्रणको पक्षबाट पनि हेरिनुपर्ने भएकाले यसका लागि दुवै विभागको जनशक्तिलाई दक्ष बनाउन आवश्यक छ ।

सम्पत्ति शुद्धीकरण चुनौतीलाई मुख्य रूपमा आन्तरिक र बाह्य गरी दुई प्रकारले सीमांकन गर्न सकिन्छ । वित्तीय कारबाही कार्यदलको सिफारिस र मार्गदर्शनमा मुलुकले जनाएका प्रतिबद्धताअनुरूप उत्तम अंक हासिल गरी वित्तीय सुशासन, सक्षम, सबल र आत्मनिर्भर अर्थतन्त्र निर्माण गर्दै नेपाललाई वैदेशिक लगानीको सुरक्षित र आकर्षक मुलुक बनाउनु प्रमुख चुनौती हो । यसका साथै अन्तरतह र निकाय समन्वय, सझेदारी र सहयोगमार्फत सम्पत्ति शुद्धीकरणको सञ्जाल पत्ता लगाई कानुनी दायरामा ल्याउनु अर्को चुनौतीका रूपमा रहेको पाइन्छ । यसका अतिरिक्त सम्पत्ति शुद्धीकरण निवारणको सन्दर्भमा नेपालले निम्न चुनौती तथा समस्याको सामना गरिरहेको पाइन्छ ।

सम्पत्ति शुद्धीकरणजन्य कसुर क्रस बोर्डर तथा बहुतह र प्रक्रिया पार गरी हुने अपराध भएकाले त्यसको जोखिमका क्षेत्र र नेटवर्क पहिचान गर्न नसक्नु,

# जिल्ला खेलकुद विकास समितिको वार्षिक कार्ययोजनाबारे छलफल

समाज संवाददाता

हेटौंडाः मकवानपुर जिल्ला खेलकुद विकास समितिको चालु आर्थिक वर्ष २०८०/०८१ को कार्ययोजनाबारे छलफल गरेको छ। शनिबार इन्द्रसरोवर गाउँपालिकामा भएको छलफलमा जिल्ला खेलकुदअन्तर्गत् प्रत्येक संघले एक जिल्लास्तरीय प्रतियोगिता आयोजना गर्ने निर्णय गरिएको छ।

जिल्ला खेलकुद विकास समितिअन्तर्गत् फुटबल, क्रिकेट, भलिबल, रग्बी, कराँते र तेक्वान्दोलगायत करिब १० वटा खेलकुद संघ आवद्ध छन्। समितिले प्रतियोगिता सञ्चालनका लागि प्रोत्साहन गर्ने भएको छ। संघले आयोजना गर्ने जिल्लास्तरीय प्रतियोगितालाई १० हजार रुपैयाँदेखि २५ हजार रुपैयाँसम्म, प्रदेशस्तरको प्रतियोगितालाई २५ हजारदेखि ४५ हजार रुपैयाँसम्म र राष्ट्रिय प्रतियोगितालाई ५० हजारदेखि १ लाख रुपैयाँसम्म उपलब्ध गराउने निर्णय भएको छ।

यस्तै, राष्ट्रपति रनिङशिल्ड खेलकुद प्रतियोगिताअन्तर्गत् स्थानीय तह छनौट मंसिरभित्र सम्पन्न गर्न पालिकास्तरीय खेलकुद विकास समितिहरुसँग समन्वय गर्ने निर्णय भएको छ। जिल्ला प्रतियोगिता माघ १५ गतेभित्र सम्पन्न गर्ने र जिल्ला प्रतियोगिताबाट छनौट भएका खेलाडीलाई प्रदेश प्रतियोगितामा जानुअघि १५ दिन बन्दमा प्रशिक्षणमा राख्ने निर्णय भएको छ।

तेस्रो संस्करणको बागमती प्रदेश खेलकुद प्रतियोगिताका लागि प्रदेशले तोकेको मितिमा जिल्ला छनौट गरी छनौट भएका खेलाडीलाई १५ दिन बन्द प्रशिक्षणमा राख्ने निर्णय गरिएको छ। रेफी कोर्ष तालिम सञ्चालन गर्ने र लाइसेन्स भएका रेफ्रीहरु खटाई नवीकरणको व्यवस्था मिलाउने निर्णय भएको छ। समितिमा कार्यरत प्रशिक्षकहरुले प्रशिक्षण गरे नगरेको नियमित समिति र संघबाट अनुगमन गरिने भएको छ। विद्यालयहरुसँग समन्वय गरी प्रशिक्षणका लागि वतावरण बनाउने, फागुनमा अन्तरपालिका फुटबल प्रतियोगिता गर्ने र हेटौंडा उपमहानगर पालिकासँगको समन्वयमा विभिन्न प्रतियोगिता गर्ने निर्णय गरिएको छ।

समितिले विभिन्न प्रतियोगितामा पदक जित्ने खेलाडीलाई सम्मान गर्ने भएको छ। राष्ट्रियस्तरीय अफिसियल प्रतियोगितामा स्वर्ण, रजत र काश्य पदक प्राप्त गर्ने खेलाडीलाई क्रमशः ३० हजार, २० हजार र १० हजार रुपैयाँसहित सम्मान गर्ने निर्णय भएको छ। टिम खेलका सम्बन्धमा सोहीअनुसार निर्णय गरेर पुरस्कृत गरिने निर्णय भएको छ।

प्रदेश खेलकुद परिषद्द्वारा आयोजना हुने प्रतियोगिता तथा राष्ट्रपति रनिङशिल्ड राष्ट्रिय प्रतियोगितामा स्वर्ण, रजत र काश्य पदक प्राप्त गर्ने खेलाडीहरुलाई क्रमशः १० हजार, ७ हजार र ५ हजार रुपैयाँसहित सम्मान गरिने भएको छ। राष्ट्रपति रनिङशिल्डको प्रदेश प्रतियोगितामा स्वर्ण, रजत र काश्य पदक प्राप्त गर्ने खेलाडीहरुलाई क्रमशः ७ हजार, ५ हजार र ३ हजार रुपैयाँका दरले सम्मान गरिने भएको छ। खेलकुद संघहरुले गर्ने राष्ट्रिय खेलमा पदक विजेताहरुलाई क्रमशः ५ हजार, ४ हजार र ३ हजार रुपैयाँका दरले पुरस्कृत गरिने निर्णय भएको जनाइएको छ।

विभिन्न संघको आयोजनामा हुने खेलमा जिल्लाबाट सहभागी हुने खेलाडीको एकातर्फी यातायात खर्च समितिले दिने निर्णय गरिएको छ। जिल्ला खेलकुद विकास समितिको कुनै आयश्रोत नभएका कारण प्रदेश खेलकुद विकास परिषद्, जिल्ला समन्वय समिति र स्थानीय तहहरुमार्फत् आर्थिक स्रोतको व्यवस्थापन गरिने जनाइएको छ।

मकवानपुर जिल्ला खेलकुद विकास समितिका अध्यक्ष वेश खड्कीको सभाध्यक्षता तथा बागमती प्रदेश खेलकुद विकास परिषद्का सदस्यसचिव सूर्यलाल भण्डारीको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा हेटौंडा १ का वडाध्यक्ष सविन न्यौपाने, प्रदेश खेलकुद परिषद्का सदस्य माधव तिमल्सिना, जिल्ला खेलकुद विकास समितिका कार्यालय प्रमुख माधव कोइराला र निवर्तमान कार्यालय प्रमुख राजन दाहाललगायतको उपस्थिति रहेको थियो।

## सम्पत्ति शुद्धीकरण...

सम्पत्ति शुद्धीकरणजस्तो गहन र जटिल अनुसन्धान र अभियोजनको जिम्मा सीमित स्रोत, क्षमता र सञ्जाल भएको विभागलाई दिइएको छ। अर्कातर्फ नवीन प्रविधिको प्रयोगमार्फत आपराधिक क्रियाकलापमा वृद्धि, छाया अर्थतन्त्रको उकालोलाग्दो अवस्था, राज्यसंयन्त्रको निष्क्रियताजस्ता कारणले संस्थागत सक्षमता अभिवृद्धि गर्नुपर्ने चुनौती थपेको छ। सूचना-प्रविधिको बढीभन्दा बढी उपयोग गरी प्रत्येक व्यक्तिको आर्थिक क्रियाकलापलाई अभिलेखीकृत गर्ने व्यवस्था गर्न आवश्यक छ। यसो भएमा व्यक्तिको आम्दानी र खर्चको हिसाब पारदर्शी हुने भई सम्पत्ति लुकाउने प्रवृत्तिको अन्त्य हुन्छ। दर्ताका माध्यमबाट लगानीका सबै क्षेत्र कानुनको दायराभित्र ल्याई अनौपचारिक अर्थतन्त्रको आकार न्यूनीकरण गर्ने, जसले गर्दा राष्ट्रिय अर्थतन्त्रको वास्तविक स्थिति ज्ञात हुन्छ र सम्पत्ति लुकाउने छिद्रहरु कम हुन्छन्। अचल सम्पत्ति खासगरी घरजग्गाको अभिलेखलाई भू-सूचना प्रणालीअन्तर्गत समवेश गरी केन्द्रीय डाटा सेन्टरमा राख्ने, जसले गर्दा देशभरि कुन व्यक्तिको नाममा कहाँ-कहाँ कति अचल सम्पत्ति छ, सोको विवरण प्राप्त भई अनुसन्धान कार्य सहज हुन सक्छ। *(स्रोतः कारोबारदैनिक)*

# हार्दिक समवेदना



स्व. विष्णुकुमारी बानियाँ

जन्मः १९९०/१०/१३

स्वर्गारोहणः २०८०/०४/२

यस एकीकृत ग्रामीण विकास सेवा (आइभिडिएस) की अध्यक्ष आदरणीय सीता बिष्टकी सासू आमा तथा हेटौंडा उपमहानगरपालिका १८ नम्बर वडा अध्यक्ष आदरणीय अनिल बानियाँ ज्यूकी ममतामयी आमा **विष्णुकुमारी बानियाँ**को निधनको खबरले हामी मर्माहत भएका छौं। यस दुखद् घडीमा स्वर्गीय आमाप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै दिवंगत आत्माको चिरशान्तिको कामना गर्दछौं। साथै शोकाकुल परिवारप्रति हार्दिक समवेदना व्यक्त गर्दछौं।

**एकीकृत ग्रामीण विकास सेवा मकवानपुर परिवार**

**हेटौडा-२, मकवानपुर**

## गुणस्तरीय अनि विश्वसनीय प्रयोगशाला

## QRL (Qualified Reference Lab)

हामीकहाँ थाइराइड, बायप्सी, रुटिन टेस्ट, भिटामिन जाँच, क्यान्सर मार्करलगायत प्रयोगशाला सेवा रहेका छन्। हरेक महिनाको अन्तिम शनिबार थाइराइड परीक्षणमा ५० प्रतिशत छुट, फास्टिङ तथा पीपीमा सुगर टेस्ट फ्रि।



**सम्पर्क** ०५७-५९०९७७
QRL (Qualified Reference Lab)
हेटौँडा-१, ब्लडबैंकअगाडि

## हेटौंडा रिफरेन्स ल्याबरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ।

(HRL)

खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५० प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं।

थप जानकारीको लागि HRL

**हेटौंडा रिफरेन्स ल्याबरोटरी**

हेटौंडा–१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७–५२०४५७

## भर्ना खुल्यो ! भर्ना खुल्यो !! भर्ना खुल्यो !!!

सिद्धार्थ माध्यमिक विद्यालय हेटौंडा-२ मा शैक्षिक सत्र २०८०/०८१ को लागि कक्षा ११ मा नयाँ भर्ना खुल्यो।

**अध्यापन हुने विषय/समूहहरू**

- विज्ञान (कम्प्यूटर विज्ञान सहित),
- कानून,
- वाणिज्य (कम्प्यूटर विज्ञान सहित)
- शिक्षा (ऐ. अङ्ग्रेजी, ऐ. गणित, ऐ. नेपाली, ऐ. स्वास्थ्य र शारीरिक शिक्षा सहित)

धमाधम नयाँ भर्ना लिइँदैछ। सीट सिमित भएकोले समयमै भर्ना भई आफ्नो सीट सुरक्षित राख्न सम्बन्धित अभिभावक तथा विद्यार्थी वर्गमा सूचित गरिन्छ।

साथै (CTEVT अन्तर्गत) वनविज्ञान ३ वर्षे डिप्लोमा अध्ययन गर्न इच्छुक विद्यार्थीहरूले यही श्रावण ११ गतेभित्र आवेदन फाराम बुझाईसक्न जानकारी गराईन्छ।

कक्षा ११ को कक्षा सञ्चालन यही श्रावण १० गते बिहान ६:०० बजेबाट हुनेछ।

प्रधानाध्यापक
सिद्धार्थ माध्यमिक विद्यालय, हेटौंडा-२, मकवानपुर
सम्पर्क नम्बरहरू: ०५७-५२०७००, ९८५५०७१९९०, ९८४५०५८७१५, ९८४५०७२२४७, ९८५५०७०६४७

## स्वादिष्ट नेवारी खाजा




अब



होटल बासुकला (फास्टफुड) मा

- स्वादका पारखीको विश्वास जित्दै २५ बर्षदेखि निरन्तर सेवामा समर्पित स्वादिष्ट नेवारी खाजा घरमा स्वागत गर्दछौं।
- नेवारी खाजा सेट, म:म, चाउमिन, बारा, योमरी लगायतका खाजा खान हार्दिक स्वागत गर्दछौं।

होम डेलिभरीको पनि सुविधा रहेको जानकारी गराउँदछौं।

०५७-५२६०१३

## श्री कालिका माध्यमिक विद्यालय

कैलाश-९ नामटार, मकवानपुर

### शिक्षक आवश्यकता

*प्रथम पटक सूचना प्रकाशित मितिः २०८०/०४/०८ गते*

उपरोक्त सम्बन्धमा, यस विद्यालयमा निम्न माध्यमिक तहका गणित विषयको राहत अनुदान कोटा शिक्षक संख्या १ रिक्त रहेकोले सो कोटामा शिक्षक पदपूर्ति गर्न कैलाश गा.पा. को च.न. १५ को मिति २०८०/०४/६ को सिफारिस र शिक्षा विकास तथा समन्वय इकाई मकवानपुरको च.न. ३६ को मिति २०८०/०४/७ गतेको अनुमति पत्र र विद्यालय व्यवस्थापन समितिको मिति २०८०/०३/०६ गतेको निर्णय अनुसार तपशिल बमोजिमको शिक्षका नियुक्ति गर्नुपर्ने भएकोले निम्न योग्यता भएका उम्मेदवारबाट दरखास्त अव्हान गर्नको लागि यो विज्ञापन प्रकाशित गरिएको छ।

**तपशिल** :
विज्ञापन नं. : ०१
तह : निम्न माध्यमिक (राहत अनुदान कोटा)
पद संख्या : १ (एक)
उमेर : १८ वर्ष पुरा भई ४० ननाघेको।
शैक्षिक योग्यता : मूल विषय गणित लिएर प्रविणता प्रमाणपत्र तह वा सो सरह उतीर्ण।
तलब सुविधा : नेपाल सरकारको नियम अनुसार
दरखास्त दस्तुर : रु. १,५००/- (एक हजार पाँच सय)
परीक्षाको किसिम : लिखित, मौखिक, अन्तरभार्ता र आवश्यकता अनुसार प्रयोगात्मक
दरखास्त दिने अन्तिम मिति : २०८०/०४/२३ गते बेलुका ४ बजे सम्म
सम्पर्क मिति : २०८०/०४/२४ गते बेलुका ४ बजे सम्म
परीक्षा हुने मिति : सम्पर्क मितिमा तोकिने छ।
दरखास्त दिने स्थान : श्री कालिका माध्यमिक विद्यालय, कैलाश-९ नामटार
सम्पर्क : ९८४५२३७४१३ (प्र.अ.), ९८४१९७०३९६ (स.प्र.अ.) ९८४५१६७०२१ (वि.व्य.स.अध्यक्ष)

**आवश्यक कागजातहरू**:
क) नेपाली नागरिकताको प्रतिलिपि
ख) शैक्षिक योग्यताको पमाणपत्रको प्रतिलिपि
ग) स्थायी अध्यापनको अनुमति पत्रको प्रतिलिपि
घ) हस्तलिखित निवेदन
ङ) हालसालै खिचिएको पासपोर्ट साईको फोटो-२

**नोट**: शिक्षक अयोगको करार सूचीमा परेकाहरुको हकमा योग्यताकम आधारमा विज्ञापन प्रकाशित भएको मितिले ७ (सात) दिन भित्रमा विद्यालयमा सम्पर्क राख्न हुन अनुरोध छ। (करार सूचीको दरखास्त पर्न आएमा अन्य उम्मेदवारहरुको दरखास्त फिर्ता हुने छ।)

समृद्ध समाज
SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक


# विभूति अधिकारीको "अर्जुनदृष्टि" विमोचन


विभूति अधिकारीको कृति "अर्जुनदृष्टि" विमोचन गरिँदै ।

समाज संवाददाता

हेटौँडाः नवसर्जक साहित्य चौतारी नेपालका वरिष्ठ उपाध्यक्ष बालकवि विभूति अधिकारीको कविता संग्रह "अर्जुनदृष्टि" विमोचन भएको छ। छन्द तरङ्गको आयोजनामा शुक्रबार काठमाडौंस्थित पद्योदय माध्यमिक विद्यालय कविता संग्रह विमोचन भएको हो। अधिकारीको १७ औं जन्मोत्वसको अवसरमा विमोचन कार्यक्रम भएको हो।

छन्द तरङ्गका संयोजक तथा प्राध्यापक डा. रामप्रसाद ज्ञवालीको सभाध्यक्ष तथा वरिष्ठ भाषाविद्, बालसाहित्य अन्वेषक/अभियन्ता प्राध्यापक डा. चुडामणि बन्धुको प्रमुख आतिथ्यमा कार्यक्रम भएको हो। कोभिड कहरका समयमा हेटौँडाबाट साहित्यकार दीपक गौतमले २०७७ जेठदेखि सञ्चालन गरेको 'नवसर्जक केन्द्रित अनलाइन साहित्यिक प्रशिक्षण अभियान' मा धनगढी कैलालीबाट विभूति अधिकारी सहभागी हुनुभएको थियो। यसअघि अधिकारीले २०७७ चैत २ गते "अद्भुत इन्द्रेनी" खण्डकाव्य प्रकाशन गर्नुभएको छ।

"अर्जुनदृष्टि" मा शास्त्रीय छन्दमा रचित विविध भावका ४९ वटा कविता संकलित छन्। प्रा.डा. बन्धुले अधिकारीमा काव्यप्रतिभा प्रचुर रहेको बताउनुभयो। अधिकारीद्वारा रचित दुवै कृति छन्द, भाव, विचार, बिम्ब, प्रतीक तथा अलङ्कार प्रयोगका हिसाबले उच्च कोटीको रहेको र "अर्जुनदृष्टि" मा समाविष्ट ४९ वटै कविता स्तरीय रहेको उहाँको भनाई छ। जन्मदिनको अवसरमा कृति विमोचन गरि एकाले उपस्थित सबैलाई उपहारस्वरुप कृति प्रदान गरिएको थियो। ऐरावती प्रकाशनले कृति प्रकाशन गरेको हो।

# मोटरसाइकल चालकको मृत्यु

समाज संवाददाता

हेटौँडाः रामेछाप जिल्लाको गोकुलगंगा गाउँपालिका-२, ठोसेबजारमा टिपरको ठक्करबाट मोटरसाइकल चालकको मृत्यु भएको छ। मृत्यु हुनेमा मोटरसाइकल चालक दोलखा जिल्लाको जिरी नगरपालिका-८ का २८ वर्षीय मिलन खत्री रहेको प्रदेश प्रहरी कार्यालय हेटौँडाले जानकारी दिएको छ।

शनिबार जिरीबाट ठोसेतर्फ सिमेन्ट लिई जाँदै गरेको ग २ ख ०१८७ नम्बरको टिपरले सोही दिशातर्फ जाँदै गरेको बागमती प्रदेश ०२-०२१ प ०२२६ नम्बरको मोरसाइकललाई ठक्कर दिँदा दुर्घटना भएको हो। दुर्घटनामा परी खत्रीको निधार, बायाँ घुँडा मुनी र ढाडमा चोट लागेको थियो। खत्रीलाई उपचारका लागि जिरी अस्पतालमा लगिएकोमा सामान्य उपचार पश्चात थप उपचारका लागि काठमाडौं पठाइएकोमा आइतबार बिहान १ बजेको समयमा मृत्यु भएको प्रहरीले जनाएको छ। टिपर चालक र टिपर प्रहरीको नियन्त्रणमा रहेको छ।

# आयोजक क्लब सेमिफाइनलमा

समाज संवाददाता

हेटौँडाः हेटौँडा-१४, मयूरधापको कालापानी मैदानमा जारी प्रथम समाज कल्याण कप फुटबल प्रतियोगितामा आयोजक क्लब समाज कल्याण 'ए' सेमिफाइनलमा प्रवेश गरेको छ।

आइतबार भएको क्वाटरफाइनल खेलामा समाज कल्याण 'ए'ले नमोबुद्ध एफसीलाई ट्राइब्रेकरमा ३-२ गोलले पराजित गर्दै सेमिफाइनलमा प्रवेश गरेको हो।

निर्धारित समयको खेलमा समाज कल्याण 'ए' का अनुप मगर र नमोबुद्धका मिलन अर्यालले एक-एक गोल गरेका थिए। खेलमा समाज कल्याणका गोलरक्षक गोपी बर्तौला म्यान अफ द म्याच भए।

आइतबारै भएको खेलमा नागस्वती युथ क्लब क्वाटरफाइनल प्रवेश गरेको छ। नागस्वतीले समाज कल्याण 'बी'लाई ३-० गोलले पराजित गर्दै क्वाटरफाइनलमा प्रवेश गरेको हो। खेलमा नागस्वतीका सागर लामा म्यान अफ द म्याच भए।

आज सोमबार दुईवटा क्वाटर फाइनल खेल हुनेछ। पहिलो खेल सप्तरंगी एफसी र सगरमाथा युथ क्लबबीच हुनेछ भने दोस्रो खेल फरेष्ट्री युथ क्लब र नागस्वती युथ क्लबबीच हुनेछ।



हेटौंडा स्कूल अफ म्यानेजमेन्ट एण्ड सोसियल साइन्सेस अल्मुनाई परिवार
हेटौंडा, मकवानपुर

# रातोमाटेबाट अवैध सामान बरामद

समाज संवाददाता

हेटौँडाः हेटौँडा उपमहानगरपालिका-१०, बसपार्कबाट ११ किलोग्राम लागुऔषध गाँजा फेला पारेको प्रदेश प्रहरी कार्यालय हेटौँडाले जानकारी दिएको छ।

बिहिबार बिहान ६ बजेको समयमा प्रहरीले बसपार्क टिकट काउन्टरको छेउमा बेवारिसे अवस्थामा रहेको कालो झोलाबाट लागुऔषध गाँजा फेला हो। प्रहरी टोलीले झोला भित्र १० किलो ८ सय ग्राम गाँजा फेला पारेको जनाएको छ। लागुऔषध गाँजा कसले राखेको भन्ने नखुलेको र थप अनुसन्धान भइरहेको प्रहरीले जानकारी दिएको छ।




# प्रहरी उपरीक्षक गौतमको विदाई

समाज संवाददाता

हेटौँडाः जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रमुख प्रहरी उपरीक्षक वामदेव गौतमलाई विदाई गरिएको छ। आइतबार एक कार्यक्रमका बीच बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडाले प्रहरी उपरीक्षक गौतमलाई विदाई गरेको हो।

२०५७ साल माघ १३ गते प्रहरी निरीक्षक पदबाट सेवा प्रवेश गर्नुभएका प्रहरी उपरीक्षक गौतम आज सोमबार ५५ वर्ष पूरा भई उमेर हदका कारण सेवा निवृत्त हुनुहुँदैछ। उपरीक्षक गौतमले गतवर्ष साउनमा मकवानपुरको प्रहरी प्रमुखको जिम्मेवारी सम्हाल्नुभएको थियो। उहाँले एक वर्ष मकवानपुर प्रहरी प्रमुखको जिम्मेवारी सम्हाल्नुभएको हो। विदाई कार्यक्रममा प्रहरी उपरीक्षक गौतमले संगठनमा लामो समय कार्यरत रहँदाको आफ्नो अनुभव सुनाउनुभयो। बागमती प्रदेश प्रहरी प्रमुख प्रहरी नायव महानिरीक्षक किरण राणा, प्रदेश प्रहरी प्रवक्ता प्रहरी वरिष्ठ उपरीक्षक दीपक रेग्मी र कार्यरत प्रहरी कर्मचारीहरुको उपस्थितिमा गौतमलाई विदाई गरिएको हो।

# मानवसेवा आश्रममा भोजन सेवा

समाज संवाददाता

हेटौँडाः बागमती प्रदेशको सामाजिक विकास मन्त्रालयका सचिव रामकृष्ण पुडासैनीले मानवसेवा आश्रममा भोजन सेवा प्रदान गर्नुभएको छ। हेटौँडा-९, मयूरधापमा रहेको मानवसेवा आश्रम भ्रमण गर्ने क्रममा उहाँले बिहानको भोजन सेवा उपलब्ध गराउनुभएको मानवसेवा आश्रमका अभियन्ता होमनाथ पौडेलले जानकारी दिनुभयो। आश्रममा आश्रित २ सय जनालाई भोजन गराउन सचिव पुडासैनीले आवश्यक सहयोग गर्नुभएको हो। आश्रमको महाअभियान हामी सबैको हो भन्दै बिहानको भोजन सेवा प्रदान गरेको पौडेलले बताउनुभयो। सो अवसरमा सचिव पुडासैनीले आश्रमलाई सबैले सहयोग गर्नुपर्ने भन्दै आफूले पनि सक्दो सहयोग गर्ने प्रतिबद्धता जनाउनुभयो।

# ३२ जनाले गरे रक्तदान



समाज संवाददाता

हेटौँडाः नेपाल कम्युनिष्ट पार्टी (नेकपा) एमालेले आयोजना गरेको रक्तदान कार्यक्रममा ३२ जनाले रक्तदान गरेका छन्। ४५ औं पुष्पलाल स्मृति दिवसको अवसरमा भएको रक्तदान कार्यक्रममा ७ जना महिला र २५ पुरुषले रक्तदान गरेका रक्तसञ्चार केन्द्र हेटौँडाका प्राविधिक विष्णु रिमालले जानकारी दिनुभयो।

आइतबार हेटौँडा-५, पुष्पलालपार्क अगाडि रहेको जिल्ला पार्टी कार्यालयमा भएको कार्यक्रममा रक्तसञ्चार केन्द्र हेटौँडाको प्राविधिक सहयोग रहेको थियो।










समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ